आज मिति २०७६।१२।२५ गतेका दिन पाटन नगरपालिकाका नगर प्रमुख श्री केशव बहादुर चन्द ज्युको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिम का पदाधिकारी हरुको उपस्थितिमा देहाय बमोजिमका निर्णय हरु गरियो॥

तपसिल

| | |
|---|---|
| श्री केशव बहादुर चन्द | नगर प्रमुख |
| श्री सरस्वती कोली | उप प्रमुख |
| श्री कमल सिंह महरा | प्रमुख प्रशासकीय अधिकृत |
| श्री धनदेव साउद | प्रहरी निरिक्षक |
| श्री राजेन्द्र सिंह बिष्ट | वडा अध्यक्ष पाटन ६. |
| श्री विरेन्द्र खडायत | प्र.ना.नि. |
| श्री राजेन्द्र प्रसाद भट्ट | अधिकृत वैरी पाटन न पा |
| श्री मदन सिंह महरा | स्वास्थ्य संयोजक " |
| श्री विर सिंह महता | प्रा.स्वा " |
| श्री दिपक प्रसाद पन्त | " |
| श्री महेश राज पन्त | रोजगार संयोजक |
| श्री विजय कुमार बिष्ट | स.ले.पा. पाटन न.पा |

प्रस्ताव हरु

१ - Crisis management centre गठन सम्बन्धमा
२ - वडा स्तरीय crisis management centre र तथ्यांक सम्बन्धमा
३ - Isolation bed तथा Health desk स्थापना सम्बन्धमा
४ - Quarintine सम्बन्धमा
५ - प्रभावित स्थलबाट आएका व्यक्तीहरु को सम्बन्धमा

निर्णय नं: १

प्रस्ताव नं १ माथी छलफल गर्दा पाटन नगरपालिका अन्तरगत कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी रुपले छिटो छरितो र व्यवस्थित र समन्वयात्मक रुपमा कार्यान्वयन गर्न तपसिल बमोजिमको Crisis Management centre गठन गर्ने निर्णय गरियो।

संयोजक श्री केशव बहादुर चन्द नगरप्रमुख पाटन न.पा
सदस्य श्री कमल सिंह महरा प्र.प्र.अ. पाटन न.पा
सदस्य श्री धनदेव साउद प्रहरी निरिक्षक इ.प्र.का. पाटन
सदस्य श्री मदन सिंह महरा स्वास्थ्य संयोजक

निर्णय नं. २ प्रस्ताव नं २ माथी आवश्यक छलफल गर्दा वडाहरुमा कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी रुपले छिटो छरितो र व्यवस्थित र समन्वयात्मक रुपमा कार्यान्वयन गर्न वडा स्तरीय Crisis management centre गठन गरी प्रभावित क्षेत्र बाट आएका व्यक्ती हरुको तथ्यांक संकलन गरि अब उप्रान्त वडा हरुमा बाहिर बाट आएका व्यक्ती हरुलाई अनिवार्य रुपमा २१ दिन Quarintine मा राख्ने व्यवस्था गर्न अनुरोध गर्ने निर्णय गरियो,

संयोजक वडा अध्यक्ष
सदस्य वडा सचिव
" स्वास्थ्य चौकी/प्रा.स्वा.के. प्रमुख
" सम्बन्धित वडा हेर्ने सुरक्षा निकायको प्रतिनिधी

निर्णय नं. ३ प्रस्ताव नं ३ माथी आवश्यक छलफल गर्दा पाटन प्राथमिक स्वास्थ्य केन्द्र पाटन मा ५ बेड Isolation राख्ने, पाटन ८ खोड्पे बजार मा स्थापना गरको ब्यारेक सँगै Health desk स्थापना गर्ने र निर्णय गरियो, उक्त कार्य हरुको लागी आवश्यक पर्ने सर-सामान हरु खरिद गरि व्यवस्थापन गर्ने निर्णय गरियो र सम्बन्धित स्वास्थ्य संस्था हरुबाट स्वास्थ्य कर्मी खटाउने निर्णय गरियो,

निर्णय नं. ४. पाटन नगरपालिका अन्तरगत अबदेखी कोरोना संक्रमण प्रभावित क्षेत्र तथा पालिका बाहिर बाट आउने व्यक्ती हरु लाई सम्बन्धित वडा हरुले अनिवार्य रुपमा २१ दिन Quarintine मा राख्ने व्यवस्था मिलाउन पाटन अन्तरगत का १० वटै वडा कार्यालय हरुलाई अनुरोध गर्ने निर्णय गरियो,

निर्णय नं. ५.

प्रस्ताव नं. ५ माथी आवश्यक छलफल गर्दा भारत लगायतका देश हरु र कोरोना भाइरसको संक्रमण रहेको प्रभावित क्षेत्रबाट आएका र क्वारेन्टाइनमा ~~रहेका~~ नबसेका व्यक्ती हरुलाई घरमै Self Quirentine मा बस्न लगाउने, अन्य व्यक्तीको सम्पर्कमा आउन नदिन कोरोना भाइरस रोकथाम वडा स्तरीय समन्वय समितिबाट अनुरोध गर्ने र त्यस्ता व्यक्तीहरुको कोरोना virus जाँच (Rapid Test) का लागी आवश्यक पहल गरिदिन जिल्ला स्तरीय crisis management centre लाई अनुरोध गर्ने निर्णय गरियो।